संघीय संसद

राष्ट्रिय सभा

# राष्ट्रिय सरोकार तथा समन्वय समिति

मिति : २०७५/०६/१५

बैठक संख्या : १०

**निर्णय**

समितिको आजको बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री मा० रविन्द्रप्रसाद अधिकारी, संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सचिव, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ, पशुपति क्षेत्र विकास कोष र लुम्बनी क्षेत्र विकास कोषका पदाधिकारीहरुसंग छलफल हुँदा मन्त्रालय अन्तर्गत रहेका राष्ट्रिय गौरवको आयोजनाहरुलाई व्यवस्थित ढंगले सञ्चालन गर्ने सन्दर्भमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय र मन्त्रालय अन्तर्गतका पाँचओटा राष्ट्रिय गौरवका आयोजनाहरुको सन्दर्भमा देहाय बमोजिमका निर्णय भयो, -

१. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको सम्पूर्ण कार्य सम्पन्न गरी अबको १ वर्षभित्र विमानस्थल सञ्चालनमा ल्याउन मन्त्रालय र आयोजनालाई निर्देशन दिने ।

२. निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको सम्बन्धमा बस्ती व्यवस्थापन, रुख कटानी लगायतका जनस्तरमा आएका चासो र सरोकारका विषयमा सरोकारवाला पक्षहरुसंग समन्वय गरी तत्काल टुङ्गोमा पुग्न र विमानस्थल निर्माणको कार्य यथाशिघ्र अगाडि बढाउन मन्त्रालय र आयोजनालाई निर्देशन दिने ।

३. पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको लागि जग्गा अधिग्रहण र मुआब्जा वितरणको कार्य अविलम्ब सम्पन्न गरी निर्धारित समयभित्रै विमानस्थल निर्माणको कार्य सम्पन्न गर्न मन्त्रालय र आयोजनालाई निर्देशन दिने ।

४. पशुपति क्षेत्र विकास कोषलाई पारदर्शी ढङ्गले सञ्चालन गर्न आवधिक रुपमा कोषमा प्राप्त भेटी तथा कोषको सम्पतीको विवरण सार्वजनिक गर्न, पशुपति क्षेत्र विकास कोषको जग्गा तत्काल यकिन गरी यथार्थ तथ्याङ्क सार्वजनिक गर्न, पशुपति आर्यघाटमा रहेका दुबै विद्युतीय शवदाह गृह सञ्चालन गरी आवश्यक्ताअनुसार शवदाह गृह थप गर्न र पशुपति क्षेत्र विकास कोषलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि यथाशिघ्र पशुपति क्षेत्र विकास कोषको गुरुयोजना तयार गर्न मन्त्रालय र पशुपति क्षेत्र विकास कोषलाई निर्देशन दिने ।

५. लुम्बनी क्षेत्र विकास कोष अन्तर्गत Kenzo Tange को मास्टर प्लान समयमा नै पूरा गर्न, प्रोफेसर क्वाकको मास्टर प्लान कार्यान्वयन गर्ने विषयमा आवश्यक परामर्श गरी अगाडी बढ्न तथा बृहत्तर लुम्बनी गुरुयोजनाको काम दुर्त्तर ढंगले अगाडि बढाउन मन्त्रालय र लुम्बनी क्षेत्र विकास कोषलाई निर्देशन दिने ।

राष्ट्रिय सरोकार तथा समन्वय समिति